नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

वितरणः साधारण
मे ५, २०१५
मूल प्रतिः अंग्रेजी

**मानव अधिकार समिति**

**उजुरी नं: २०००/२०१०**
**समितिको ११३ औं सत्रमा ग्रहण गरिएको अभिमत**
**(मार्च १६-अप्रिल २, २०१५)**

| | |
|---|---|
| पेश गर्नेः | युव कुमारी कटुवाल (कानूनी सल्लाहकार ट्र्याक इम्प्यूनिटि अलवेज (Track Impunity Always TRIAL) द्वारा प्रतिनिधित्व गरिएको) |
| पीडित भनी दावी गरिएकोः | चक्र बहादुर कटुवाल (उजुरीकर्ताको पति) र उजुरीकर्ता स्वयं |
| पक्ष राष्ट्रः | नेपाल |
| उजुरी मितिः | अक्टोबर २७, २०१० (शुरूमा पेश गरिएको) |
| सन्दर्भ सामग्रीहरूः | नोभेम्बर ८, २०१० मा पक्ष राष्ट्रलाई पठाइएको विशेष प्रतिवेदकको नियम ९७ अन्तर्गतको निर्णय (कागजातको रुपमा जारी नभएको) |
| अभिमत ग्रहण गरिएको मितिः | अप्रिल १, २०१५ |
| विषयवस्तुः | बलपूर्वक बेपत्ता पार्ने कार्य, बाँच्न पाउने अधिकार |
| कार्यविधिगत विषयः | घरेलु उपचारको उपभोग गरिएको |
| सारभूत विषयः | बाँच्न पाउने अधिकार; यातना र क्रुर र अमानवीय व्यवहारमा प्रतिबन्ध; स्वतन्त्रता र व्यक्तिको सुरक्षाको अधिकार; मानव व्यक्तिमा निहित मर्यादाको सम्मान; कानूनको अगाडि व्यक्तिको रुपमा पहिचान र प्रभावकारी उपचारको अधिकार |
| प्रतिज्ञापत्रको धाराहरूः | धारा २(३); ६(१); ७; ९(१-४);१०(१); तथा १६ |
| स्वेच्छिक प्रोटोकलका धाराहरूः | धारा ५(२(ख)) |

अनुसूची

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५(४) अन्तर्गत देहायको उजुरीका सम्बन्धमा मानव अधिकार समितिको अभिमत (Views)** (११३ औं सत्र)

उजुरी नंः २०००/२०१०*

पेश गर्नेः युव कुमारी कटुवाल (कानूनी सल्लाहकार, ट्र्याक इम्प्यूनिटि अलवेज (Track Impunity Always, TRIAL) द्वारा प्रतिनिधित्व गरिएको)

पीडित भनी दाबी गरिएकोः चक्र बहादुर कटुवाल (उजुरीकर्ताको पति) र उजुरीकर्ता स्वयं

पक्ष राष्ट्रः नेपाल

उजुरी मितिः अक्टोबर २७, २०१० (शुरूमा पेश गरिएको)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २८ अन्तर्गत स्थापित मानव अधिकार समितिको अप्रिल १, २०१५ मा बसेको बैठकले,

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकल अन्तर्गत युव कुमारी कटुवालले मानव अधिकार समिति समक्ष पेश गरेको उजुरी नं. २०००/२०१० को उजुरी उपर विचार विमर्श गरी,

समितिलाई उजुरीकर्ता र पक्ष राष्ट्रद्वारा उपलब्ध गराइएका सबै लिखित सूचनालाई दृष्टिगत गर्दै,

देहायको अभिमत ग्रहण गरेको छः

---

* प्रस्तुत उजुरीको विचार विमर्श प्रक्रियामा समितिका देहाय बमोजिमका सदस्यहरुको सहभागिता रहेको थियोः यदवेन अचौर, लाजहारी बुजिद, सारा क्लिभल्याद, अलिभर द फ्रौभिल, युजी इवाशावा, इभाना यलिक, दनक्यान मुहुमुजा लाकि, फोटिनि पाराजिज, मौरो पोलिटि, श्री निगेल रोड्ली, भिक्टर म्यानुअल रोड्रिगेज-रेसिया, फेवियन ओमार साल्भिओली, धिरूजलाल सीतुलसिंह, अन्ज सिबर्ट-फोर, युवल शानी, कोन्स्टान्टाइन भर्जलाश्भिलि र मार्गो वाटरभल।

## स्वेच्छिक प्रोटोकलको धारा ५(४) अन्तर्गतको अभिमत

१.१ उजुरीकर्ता युव कुमारी कटुवाल सन् १९६१ मा जन्मिएकी नेपाली नागरिक हुन्। उनले आफ्नो र आफ्नो बेपत्ता पारिएका पति, सन् १९५३ मा जन्मिएका नेपाली नागरिक चक्र बहादुर कटुवालको तर्फबाट उजुरी पेश गरेकी छन्। उनले नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६(१), ७, ९(१-४), १० र १६ का साथसाथै धारा २(३) अन्तर्गत उनको पतिको अधिकार उल्लंघन गरेको दाबी गरेकी छन्। उनले नेपालले प्रतिज्ञापत्रको धारा ७ का साथसाथै धारा २(३) अन्तर्गत आफ्नो अधिकार पनि उल्लंघन गरेको दाबी गरेकी छन्। स्वेच्छिक प्रोटोकल पक्ष राष्ट्रका लागि अगष्त १४, १९९१ देखि लागू भएको छ। कानूनी सल्लाहकार, ट्र्याक इम्प्यूनिटि अलवेज (Track Impunity Always, TRIAL) द्वारा उजुरीकर्ताको प्रतिनिधित्व गरिएको छ।

१.२ पक्ष राष्ट्रको अनुरोधमा फेब्रुवरी २, २०११ मा नयाँ उजुरी तथा अन्तरिम उपचारमा कार्य गरिरहेका विशेष प्रतिवेदक मार्फत समितिले उजुरीको ग्राह्यतालाई कानूनी प्रश्न सँगै नभई भिन्न रुपमा विचार गर्नुपर्ने भनी निर्णय गरेको थियो।

## उजुरीकर्ताद्वारा प्रस्तुत गरिएको तथ्य

२.१ उजुरीकर्ताको पति, श्री कटुवाल, ओखलढुङ्गा जिल्ला, कुईभिरटारमा रहेको श्री कुईभिर माध्यमिक विद्यालयका प्राध्यापक थिए। डिसेम्बर ९, २००१ मा विद्यालयमा कार्यरत सहायक शिक्षक श्री ए ले श्री कटुवाललाई कुनै कारण नजनाई उपस्थित हुन अनुरोध गर्दै जिल्ला शिक्षा कार्यालयका अधिकृतले हस्ताक्षर गरेको पत्र बुझाएका थिए। डिसेम्बर १२, २००१ मा श्री कटुवाल श्री ए को साथमा जिल्ला शिक्षा कार्यालय जान गाँउवाट हिँडे। त्यसपछिको घटनाका सिलसिलाहरु श्री ए ले उजुरीकर्ता र निजको छोरीलाई बताएका थिए।

२.२ श्री कटुवाल र श्री ए डिसेम्बर १३, २००१ को बिहान जिल्ला शिक्षा कार्यालय पुगे पश्चात् उनीहरुलाई जिल्ला प्रशासन कार्यालयतिर लगियो।त्यहाँ श्री कटुवाललाई  श्री ए कै उपस्थितिमा प्रमुख जिल्ला अधिकारीले सैनिक ब्यारेक जान भने। श्री कटुवाल त्यहाँ यस पटक एक्लै गए।भोलिपल्ट बिहान सैनिकहरुले उनलाई हात र खुट्टामा समातेर सैनिक ब्यारेकदेखि जिल्ला प्रहरी कार्यालयसम्म लाँदा श्री ए ले निजलाई अन्तिम पटक देखेका थिए।उनी सिकिस्त घाइते थिए, उनको कपडा रगतको टाटाले ढाकेको थियो, उनको आँखा बन्द थिए र उनी अचेत देखिन्थे।[1]

२.३ उजुरीकर्ताले धेरै पटक आफ्नो पति कहाँ र के कस्तो अवस्थामा छन् भन्ने पत्ता लगाउने प्रयास गरिन्।ती प्रयासहरुमा अधिकारीबाट उजुरीकर्तालाई एक ठाउँबाट अर्को ठाउँमा पठाई सहयोग भन्दा पनि अवरोध भए, जसमध्ये कसैले पनि श्री कटुवालको पक्राउको जिम्मेवारी लिएनन्।

२.४ जनवरी २६, २००५ मा उजुरीकर्ताको छोरीलाई पक्राउ गरी शाही नेपाली सेनाका १८औं सहायक रथीले सोधपुछ गरे। स्वास्थ्य समस्या र त्यसपछिको अस्पतालमा भर्नाको कारणले पहिले नै कमजोर भएकी उनलाई छ हप्ता हिरासतमा राखिएको अवस्थामा दुर्व्यवहार गरियो।मार्च, २००५ को अन्तमा उनलाई उजुरीकर्ताले तिरेको चालीस हजार नेपाली रुपैयाँ बापत उनलाई रिहा गरियो।[2]

२.५ डिसेम्बर २००५ मा उजुरीकर्ताले आफ्नो छोरीको उपचारको लागि काठमाडौंको अस्पताल गइन्।जनवरी ४, २००५ मा फर्किंदै गर्दा उजुरीकर्तालाई सेनाको समूहले झाप्रे नजिकै पक्राउ गरे।त्यसपछिको १३ दिनसम्म सेनाले उनी र उनको छोरीको माओवादीसँगको सम्भावित सम्बन्धको बारे सोधपुछ गर्दै उनलाई लगातार कुटपीट तथा

---

[1] सन् २००७ मा पीडितको विद्यालयका दुई शिक्षकहरुले एउटै बयान दिएका थिए।

[2] मार्च ३०, २००५ मा ने.रु. ४०,०००।– अमेरिकी डलर ५६० बराबर थियो।स्रोतः नेपाल राष्ट्र बैंक (नेपालको केन्द्रीय बैंक)।

अपमान गरे। जनवरी १६, २००५ मा उनलाई जिल्ला प्रहरी कार्यालय र त्यसपछि जिल्ला प्रशासन कार्यालयमा लगियो र उनको परिचय प्रमाणित गरी अन्तमा उनलाई रिहा गरियो। त्यसपछि, दुई हप्ताको लागि उनी अस्पतालमा भर्ना भइन् र त्यही बेलादेखि उनले दुखाइ सहिरहेकी छन्। आफ्नो ढाड र खुट्टाको चोटको लागि उनले औषधोपचार गर्नुपऱ्यो।

२.६ जुलाई २००५ मा उजुरीकर्ताको छोरीले काठमाडौंमा कानून व्यवसायीलाई सम्पर्क गरिन्। उनले निजको पिताको मुद्दा लिई बन्दी प्रत्यक्षीकरण मुद्दाको रिट तयार गरे र बेपत्ता पारिएका सम्बन्धी मुद्दासँगै नेपालको सर्वोच्च अदालतमा उक्त रिट दर्ता भयो। अगस्त २०, २००६ मा सर्वोच्च अदालतले निवेदकहरुको स्थिति सम्बन्धमा छानबिन गर्ने र पक्राउमा संलग्न व्यक्ति तथा अधिकारी पत्ता लगाउने कार्यदिश भएको थुनामा रहेका व्यक्तिको छानबिन गर्ने टोली गठन गर्न आदेश दियो। श्री कटुवालको मुद्दा छानबिन टोलीको कार्यक्षेत्रभित्र परेको थियो। उक्त छानबिन टोलीले अवलम्बन गरेको प्रक्रिया अस्पष्ट भए तापनि त्यसको प्रतिवेदनमा श्री कटुवाललाई हिरासतमा रहँदा दिइएको यातना तथा दुर्व्यवहार बारे विस्तृत जानकारी उल्लेख छ। यसबाट अधिकारीहरुले निजको मृत्युको घटनालाई ढाकछोप गर्ने प्रयत्न गरेको पुष्टि हुनुको साथै त्यसका लागि जिम्मेवार भनिएका व्यक्तिहरुको पहिचान भएको छ।

२.७ थुनुवाको अवस्था बारे छानबिन टोलीको प्रतिवेदनमा उल्लेख भए अनुसार पीडितको शवलाई स्थानीय चन्डाले खहरे खोला नजिकै खाल्टोमा पुरिएको थियो र सेनाको समूहले निजको मृत्युको केही दिन पश्चात शवको अवशेष जलाई सबुत प्रमाण नष्ट गर्ने योजना थियो भनी प्रतिवेदनले उल्लेख गरेको कुरा उजुरीकर्ताले जिकिर गरेकी छन्। तथापि सो टोलीले सेनाले शव नभेटाएको हुँदा जलाएनन् भनी स्पष्ट गरेका छन्। यस सम्बन्धमा गृह मन्त्रालयको प्रमाणीकरण समितिले वास्तवमा मृत्युको ८-१० दिन पछि शवलाई त्यसको

मूल चिहानबाट निकाली सोही स्थानमै जलाइएको भन्दै छानबिन टोलीकोभन्दा फरक कुरा औल्यायो। थुनुवाको अवस्था बारे छानबिन टोली आफैले शव पत्ता लगाउन प्रयास गरे वा गरेनन् भनी उल्लेख गरिएन। पीडितको शव उजुरीकर्ताको परिवारलाई फिर्ता गरिएन।

२.८ थुनुवाको अवस्था बारे छानबिन टोलीको निष्कर्षको आधारमा नेपालको सर्वोच्च अदालतले जुन १, २००७ मा देहायको अवस्था ठहर गऱ्योः "गरिएको अनुसन्धानबाट रिट नं. ६३२ का श्री चक्र बहादुर कटुवाल डिसेम्बर १३, २००१ मा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा देखा परेका थिए, र प्रमुख जिल्ला अधिकारीको आदेशमा उनलाई जिल्ला प्रहरी कार्यालयमा गैरकानूनी हिरासतमा राखिएको थियो; त्यसपछि उनलाई सैनिक ब्यारेकमा लगिएको खुल्न आउँछ। डिसेम्बर १६, २००१ मा सैनिक अधिकृतहरुले निजलाई दिएको क्रुर यातनाका कारण निजको मृत्यु भएको हो।"

२.९ सर्वोच्च अदालतले थुनुवाको अवस्था बारे छानबिन टोलीको प्रतिवेदनमा उल्लेख भए बमोजिम पीडितको बेपत्ता र मृत्युको लागि जिम्मेवार व्यक्तिहरुलाई अनुसन्धान गरी मुद्दा चलाउन आदेश दियो। सर्वोच्च अदालतले जुन १, २००७ मा श्री कटुवालको मृत्यु भएको र सोको कसूरदारलाई अभियोजन गरी मुद्दा चलाउन आदेश दिनुका साथै पीडितको नजिकको हकदारलाई तत्काल राहतको रकम उपलब्ध गराउन समेत निर्देशन दियो।

२.१० सर्वोच्च अदालतको फैसलाको आठ महिना पछि गृह मन्त्रालयबाट श्री कटुवालको परिवारलाई दुई लाख रुपैयाँ प्रदान गरियो।[1] जुन २९, २००९ मा उजुरीकर्ताले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट एक लाख रुपैयाँ प्राप्त गरिन्।[2] उजुरीकर्ताले बेपत्ता पारिएका व्यक्तिको हकदारको रुपमा अरु कुनै क्षतिपूर्ति प्राप्त गरेकी छैनन्। उनले

---

[1] डिसेम्बर ३१, २००७ मा ने.रु. २००,०००/- अमेरिकी डलर ३,१३० बराबर थियो। स्रोतः नेपाल राष्ट्र बैंक (नेपालको केन्द्रीय बैंक)।

[2] अमेरिकी डलर १,३०० बराबर। स्रोतः नेपाल राष्ट्र बैंक (नेपालको केन्द्रीय बैंक)।

आफ्नो पतिलाई बेपत्ता पारिएकोमा र छोरी  तथा आफ्नो पक्राउ र यातनामा कम्तीमा सात लाख बीस हजार रुपैयाँ खर्च गरेको बताइन्। उजुरीकर्ताले आफ्नो पतिको निवृत्तिभरण प्राप्त नगरेको र आफूलाई गरिएको कुटपीटबाट लागेको चोटपटकको कारण सीमित काम मात्र गर्न सकेको उल्लेख गरेकी छन्।

२.११ यी कारवाहीका अतिरिक्त उजुरीकर्ताको छोरीले फेब्रुवरी २००६ मा राष्ट्रिय मानव अधिकार आयोगमा आफ्नो पक्राउ सम्बन्धी उजुरी दिइन्। उजुरीकर्ताको पतिलाई बेपत्ता पारिएको सम्बन्धी उजुरी समेत त्यहाँ दर्ता भइसकेको थियो। साथै, रेड क्रसको अन्तर्राष्ट्रिय समितिले उजुरीकर्ताको छोरीको अनुरोधमा श्री कटुवालको नाम उनीहरुको डाटाबेसमा समावेश गऱ्यो।

२.१२ उजुरीकर्ताले उपलब्ध र प्रभावकारी सबै घरेलु उपचार उपभोग गरिसकेकी छन्। सर्वोच्च अदालतले जुन १, २००७ मा गरेको निर्णय अन्तिम र बन्धनकारी हो। अदालत आफैले थुनुवाको अवस्था सम्बन्धी छानबिन टोलीको अनुसन्धानबाट श्री कटुवालको अवस्था बारे प्राप्त अन्तिम निष्कर्ष न्यायिक भए उजुरीकर्ताको पतिको सम्बन्धमा थप अनुसन्धान गरिरहनु नपर्ने भनी निर्णय गऱ्यो। तथापि जिम्मेवार व्यक्तिहरु विरुद्ध अभियोजन गर्न भनी दिएको आदेश कार्यान्वयन भएको छैन। उजुरीकर्ताले राहतको लागि आफूले खोज्न सक्ने अरु कुनै उपचार नेपालमा उपलब्ध नभएको टिपोट गरेकी छन्।

## उजुरी

३.१ श्री कटुवाललाई पक्राउ गरिएको, हिरासतमा राखिएको, यातना दिइएको र बलपूर्वक बेपत्ता पारिएको तथा पक्ष राष्ट्रले निजको अवस्था र ठेगानाको बारे र यी अपराधहरुमा संलग्न व्यक्तिहरु पत्ता लगाउन, अभियोजन गर्न र दण्ड दिन औपचारिक त्वरित, निष्पक्ष, स्वतन्त्र र पर्याप्त अनुसन्धान गर्न असफल भएबाट प्रतिज्ञापत्रको धारा ६(१), ७, ९(१-

४),१० र १६ साथसाथै धारा २(३) को उल्लंघन गरेको उजुरीकर्ताले दाबी गरेकी छन्।

३.२ बाँच्न पाउने अधिकारको संरक्षण गर्ने राष्ट्रको दायित्व अन्तर्गत अपराधिक कार्यबाट जथाभावी जीवन वञ्चित हुनबाट रोकथाम गर्नु र सजाय गर्ने मात्र नभई आफ्नो कानून कार्यान्वयन गर्ने अधिकारीबाट जथाभावी गैर कानूनी हत्या गर्ने कार्यलाई रोकथाम गर्नु पनि पर्दछ। तसर्थ, कानूनले राष्ट्रको अधिकारीबाट कुनै पनि व्यक्तिको जीवनबाट वञ्चित हुन सक्ने परिस्थितिलाई नियन्त्रण एवं सीमित गर्नु पर्दछ।[1] पीडितलाई अन्तिम पटक कानून कार्यान्वयन गर्ने अधिकारीको कब्जामा देखिएको थियो। अन्य प्राप्त सूचनाको अभावमा राष्ट्रका प्रतिनिधिले उनलाई जीवनबाट बञ्चित गरेको भनी अनुमान गर्न सकिन्छ, जुन कुरालाई पछि सर्वोच्च अदालतले पनि समर्थन गरेको छ। तसर्थ, उजुरीकर्ताले आफ्नो पतिको सम्बन्धमा प्रतिज्ञापत्रको धारा ६(१) उल्लंघन भएको दाबी गरेकी छन्। पीडित अन्तिम पटक डिसेम्बर, २००१ मा देखा परेको र २००७ सम्म पनि उनलाई बेपत्ता पारिएको सम्बन्धमा अनुसन्धान गरिएको थिएन। उजुरीकर्ताको छोरीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतबाट जारी भएको आदेशको आधारमा श्री कटुवालको अवस्था बारे अनुसन्धान प्रारम्भ गरियो। तसर्थ पक्ष राष्ट्रले औपचारिक र त्वरित अनुसन्धान गरेको छैन। सर्वोच्च अदालतले आदेश गरेको अनुसन्धान न्यायिक अनुसन्धान थियो। प्रहरी वा अभियोजनकर्ताबाट अपराधको अनुसन्धान सम्बन्धी कारबाही शुरु भएन। पीडितको मृत शरीरको अवस्था बारे परिवारलाई जानकारी नदिई निजलाई मृतक घोषित गर्नमा अदालत सीमित रह्यो। आरोपित कसूरदारको अपराधिक जिम्मेवारी सम्बन्धमा ती व्यक्तिको गणनामा सीमित भई अपराधिक अनुसन्धान वा

[1] उजुरीकर्ताले जीवनको अधिकार सम्बन्धी सामान्य टिप्पणी नं. ६ (१९८२), प्रकरण ३ र उजुरी नं. १५४।१९८३, Boboeram et. al. v. Suriname मा अप्रिल ४, १९८५ मा पारित अभिमतको प्रकरण १४.३ को समितिको विधिशास्त्रलाई उद्दृत गरेकी छन्।

अभियोजन कहिल्यै पनि सुरु गरिएन। तसर्थ, उजुरीकर्ताले उनको पतिको सम्बन्धमा प्रतिज्ञापत्रको धारा २(३) का साथसाथै धारा ६ पनि उल्लंघन भएको कुरा उल्लेख गरेकी छन्।

३.३ पक्ष राष्ट्रले श्री कटुवालको सम्बन्धमा यातना दिने कार्यलाई प्रतिबन्ध लगाउने व्यवस्थाको समेत उल्लंघन गरेको पनि उजुरीकर्ताले दाबी गरेकी छन्। समितिले आफ्नो विधिशास्त्रमा नै गोप्य हिरासत र यातनाको उच्च सम्भावना बीच कडी रहने कुरा स्थापित गरको छ।[८] उजुरीकर्ताले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षण गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १७ पनि उद्दृत गरेकी छन्। प्रस्तुत मुद्दामा सर्वोच्च अदालतको फैसला, आदेश समेतका सबै तथ्यले श्री कटुवाललाई यातना दिइएको कुरालाई संकेत गरेको छ। उजुरीकर्ताले निजको पति विरुद्ध भएका कार्यलाई प्रतिज्ञापत्रको धारा ७ को सामान्य उल्लंघन मात्र नभई यातनाको रुपमा समेत लिन समितिलाई अनुरोध गरेकी छन्।

३.४ उजुरीकर्ताले आफ्नो पतिलाई बलपूर्वक बेपत्ता पारिएको र राष्ट्रले उचित क्षतिपूर्ति दिन नसकेको परिणाम स्वरुप आफू र आफ्नो परिवारले भोग्नु परेको पीडाका कारण आफ्नो सम्बन्धमा पनि प्रतिज्ञापत्रको धारा २(३) का साथसाथै धारा ७ पनि उल्लंघन भएको दावी गरेकी छन्। उजुरीकर्ता र उनको छोरीलाई लामो समयसम्म धम्की दिइएको, दुर्व्यवहार गरिएको र यातना दिइएको एवं बेपत्ता पारिएको सम्बन्धमा झुट्टा जानकारी दिइएको कारणबाट उनी र उनको परिवारले लामो समयदेखि दुःख कष्ट सहनु परेको छ। त्यसैगरी उजुरीकर्ताले आफ्नो धर्म अनुसार काजक्रिया समेत गर्न पाइनन्।

---

[८] उजुरीकर्ताले अन्य कुराहरुमध्ये उजुरी नं. १३२७।२००४, Grioua v. Algeria मा जुलाई १०, २००७ मा पारित अभिमतको प्रकरण ७.६ लाई उद्दृत गरेकी छन्।

३.५ डिसेम्बर १३, २००१ देखि श्री कटुवाललाई सुरक्षाकर्मीले पक्राउ गरी सैनिक ब्यारेक तथा जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखेकोबाट पक्ष राष्ट्रले उनको हकमा प्रतिज्ञापत्रको धारा ९(१-४) उल्लंघन गरेको भनी उजुरीकर्ताले दावी गरेकी छन्। तथापि, निजलाई स्वतन्त्रताको हकबाट वञ्चित गर्नुको आधार, कुन कार्यविधि अवलम्बन गरी निजलाई पक्राउ गरिएको सो पक्राउको कारणको जानकारी निजलाई दिएको थियो, थिएन र कुनै चरणमा निजको स्वतन्त्रताको उल्लंघन भएको कुरालाई कुनै न्यायिक परीक्षण गरिएको थियो, थिएन भन्ने कुराको कुनै प्रमाण देखिँदैन।

३.६ लामो समयसम्म एक्लै र सम्पर्कबिहिन अवस्थामा राखिनु आफैमा क्रुर र अमानवीय व्यवहार हुने, व्यक्तिको मानसिक तथा नैतिक अवस्था जोखिममा हुने तथा थुनुवाको मानव व्यक्तिमा निहित मर्यादाको सम्मानको उल्लंघन हुने भनी उजुरीकर्ताले औल्याएकी छन्।[✎] बलपूर्वक बेपत्ता गर्ने कार्य प्रतिज्ञापत्रको धारा १० को उल्लंघन हो भनी समिति आफैले मानेको छ र सो सम्बन्धी प्रमाणको भार पक्ष राष्ट्रमा निहित हुन्छ।[☝] तसर्थ, निजको पतिलाई बलपूर्वक बेपत्ता पारिएको साथै उनको पक्राउ उप्रान्तको अवस्थाले समेत प्रतिज्ञापत्रको धारा १० उल्लंघन भएको भन्ने उजुरीकर्ताको जिकिर छ। साथै, यस विषयमा औपचारिक अनुसन्धान नगरिएको बाट प्रतिज्ञापत्रको धारा २(३) को साथै धारा १० समेत उल्लंघन भएको छ।

३.७ पीडितलाई पक्राउ गरी थुनामा राखिएको र उनी अन्तिम पटक पक्ष राष्ट्रको सेना तथा प्रहरीको कब्जामा देखा परेका थिए। उनलाई न्यायाधीश वा न्यायिक अधिकारी समक्ष कहिल्यै पनि प्रस्तुत गरिएन, उनको पक्राउ र थुनालाई कहिल्यै पनि पुनरावलोकन

---

[✎] उजुरीकर्ताले मानव अधिकारको अन्तर-अमेरिकी अदालतको जुलाई २९, १९८८ को Velasquez Rodriguez. v. Honduras को निर्णयमा स्थापित विधिशास्त्रको प्रकरण १५६ लाई उदृत गरेकी छन्।

[☝] उजुरीकर्ताले उजुरी नं. १४६९।२००६, Sharma. v. Nepal, मा अक्टोबर २८, २००८ मा पारित अभिमतको प्रकरण ७.७ को समितिको विधिशास्त्रलाई उदृत गरेकी छन्।

गरिएन र उनी कहिल्यै पनि देखा परेनन्। त्यस अनुरुप प्रतिज्ञापत्रको धारा १६ को उल्लंघन गरी श्री कटुवाललाई कानूनको संरक्षणभन्दा बाहिर राखियो।

३.८ सर्वोच्च अदालतको आदेशलाई पूर्ण उपचार मान्न सकिँदैन किनभने अनुसन्धानको लागि दिइएको आदेशले आफैमा प्रतिज्ञापत्रको धारा २ बमोजिम आवश्यक मापदण्ड पूरा गर्न सकेको देखिँदैन। सर्वोच्च अदालतले कारबाही अघि बढाउन आदेश गरेको भए तापनि पक्ष राष्ट्रका अधिकारी सो आदेश कार्यान्वयन गर्न निरन्तर असफल भए। श्री कटुवाललाई बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरुलाई फौजदारी कसूरमा अनुसन्धान, अभियोजन गरी सजाय दिइएन। साथै, उजुरीकर्तालाई पर्याप्त क्षतिपूर्ति दिइएको छैन। उजुरीकर्ताले भोगेको भौतिक क्षतिलाई मात्र विचार गर्दा पनि निजले बेपत्ता भएको परिणाम स्वरुप सात लाख बीस हजार रुपैयाँ खर्च गरेकी छन्। सो रकमले उनी र उनको परिवारलाई परेको मानसिक तनाव, उनको पतिको आम्दानीको क्षति र उनको पतिको खोजमा व्यतित समयलाई काम गर्ने अवसरको क्षतिको रुपमा समेटेको छैन। उजुरीकर्ताले पक्ष राष्ट्रको अधिकारीबाट तीन लाख रुपैयाँ मात्र प्राप्त गरेकी छन्। सो रकमलाई माथि दावी गरे बमोजिमको पर्याप्त क्षतिपूर्ति मान्न सकिँदैन।

३.९ प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले अत्यावश्यक विषयको रुपमा श्री कटुवालको चिहान पत्ता लगाई शवको अवशेष उजुरीकर्तालाई दिने गरी स्वतन्त्र अनुसन्धानको आदेश दिनुपर्ने भनी उजुरीकर्ताले अनुरोध गरेकी छन्। श्री कटुवालको स्वतन्त्रता हनन गर्ने, यातना दिने र उनलाई बलपूर्वक बेपत्ता पार्ने कार्यका कसूरदारलाई अभियोजन, निर्णय र सजायको लागि सक्षम अधिकारी समक्ष ल्याउन र त्यस्तो कारबाहीको नतिजा सार्वजनिक रुपमा सम्प्रेषण गर्न समेत उनले अनुरोध गरेकी छन्। उनले त्वरित, स्वच्छ र पर्याप्त

क्षतिपूर्ति सहितको अभिन्न परिपूरण प्राप्त गर्ने कुराको प्रत्याभूत गर्न अनुरोध गरेकी छन्।[१☎] अब यस्तो घटना नदोहोरिने सुनिश्चत गर्न बलपूर्वक बेपत्ता पार्ने कार्य गर्ने र यातना दिने कसूरदारलाई फौजदारी कसूरमा अनुसन्धान, अभियोजन गरी सजाय गर्न र अदालतको निर्णयलाई प्रभावकारी बनाउन पक्ष राष्ट्रले आवश्यकता अनुसार आफ्नो ऐन कानून संशोधन गर्नुपर्छ भनी उनले अनुरोध गरेकी छन्।

### उजुरीको ग्राह्यता (Admissibility) का सम्बन्धमा पक्ष राष्ट्रको धारणा

४.१ जनवरी ३१, २०११ को कुटनीतिक पत्र मार्फत पक्ष राष्ट्रले घरेलु उपचारको उपभोग नगरिएको आधारमा उजुरीको ग्राह्यतालाई चुनौती दिँदै आफ्नो धारणा प्रस्तुत गरेको छ। उजुरीकर्ताको पतिलाई डिसेम्बर १३, २००१ मा जिल्ला प्रशासन कार्यालयबाट पक्राउ गरी सुरक्षाकर्मीले लगेको भन्ने पक्ष राष्ट्रले उल्लेख गरेको छ।[🗁🗀] उजुरीकर्ताको छोरीले गृह मन्त्रालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेकी थिइन्। हिरासतमा रहँदा दिइएको यातनाका कारण श्री कटुवालको मृत्यु भएको भन्ने थुनुवाको अवस्था बारे छानबिन टोलीले जनाएको भनी सर्वोच्च अदालतले आफ्नो फैसलामा उल्लेख गरेको छ। अदालतले सरकारलाई प्रचलित कानून बमोजिम संलग्न व्यक्ति र निकाय विरुद्ध अपराधिक घटनामा अनुसन्धान गर्न र अभियोजन गर्न आदेश दिएको छ।

---

[१☎] उजुरीकर्ताले क्षतिपूर्तिको उपायले वस्तुगत र नैतिक असरलाई समेट्ने र परिपूरण, पुनर्स्थापन, सन्तुष्टी (मर्यादा र इज्जतको पुनर्स्थापन समेत) लक्षित उपाय समावेश गर्ने र दोहोरोपन नहुने प्रत्याभूतिको लागि अनुरोध गरेकी छन्। उजुरीकर्ताले खासगरी सार्वजनिक समारोहमा राष्ट्रको प्रतिनिधित्व गर्ने अधिकारी र उजुरीकर्ताको उपस्थितिमा पक्ष राष्ट्रले आधिकारिक रुपमा क्षमा याचना गर्नुपर्ने आफ्नो अन्तर्राष्ट्रिय दायित्व स्वीकार गर्न अनुरोध गरेका छन्। उजुरीकर्ताले उपलब्ध, प्रभावकारी र पर्याप्त उपचारहरु प्रत्याभूत गर्न पक्ष राष्ट्रले आफ्नो विज्ञ संस्थाबाट उनलाई निःशुल्क मेडिकल र मनोवैज्ञानिक उपचार उपलब्ध गराउन र आवश्यकतानुसार निःशुल्क कानूनी सहायतामा पहुँच उपलब्ध गराउन अनुरोध गरेकी छन्।

[🗁🗀] पक्ष राष्ट्रले उल्लिखित सुरक्षाकर्मी सम्बन्धी थप विवरण पेश गरेको छैन।

४.२ अदालतको निर्णय बमोजिम ओखलढुङ्गा जिल्लाको जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता भएको छ। उक्त घटनामा अनुसन्धान जारी छ। अनुसन्धानबाट प्राप्त तथ्य र प्रमाणका आधारमा कसूरदार व्यक्ति विरुद्ध कानूनी कारबाही गर्न प्रतिबद्ध रहेको कुरामा पक्ष राष्ट्रले जोड दिएको छ। यस सम्बन्धमा, ज्यान सम्बन्धी मुद्दाको जाहेरी दरखास्त दर्ता भएको र अनुसन्धानको टुङ्गो नलागेको हुनाले घरेलु उपचारको उपभोग भइसकेको छैन।

४.३ उजुरीमा उल्लेख गरेको घटनाहरु सशस्त्र द्वन्द्वकालमा घटेका हुन्। यही विशेष परिस्थितिलाई सम्बोधन गर्न पक्ष राष्ट्रले बेपत्ता सम्बन्धी मुद्दाहरुको छानबिन गर्ने आयोग तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ध) र २०६३ मंसिर ६ गतेको विस्तृत शान्ति सम्झौताको प्रकरण ५.२.५ मा व्यवस्था भए बमोजिमको  सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने निर्णय गरेको छ। यस सम्बन्धमा सम्बन्धित सबै पक्षको सहभागितामा विस्तृत छलफल पछि सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक र बलपूर्वक बेपत्ता पार्ने कार्य (अपराध तथा सजाय) सम्बन्धी विधेयक तयार पारी संसदमा पेश गरिएको र ती विधेयकहरु सम्बन्धित विधायन समितिमा विचाराधिन अवस्थामा छन्। यी विधेयकहरु पारित भए पश्चात् गठन हुने दुई आयोगहरुले द्वन्द्वकालमा घटेका घटनाहरुको छानबिन गरी श्री कटुवाल सहितका अन्य बेपत्ता पारिएका व्यक्तिहरुको मुद्दाको सत्यतथ्य पत्ता लगाउने छन्। उजुरीकर्ता सहित द्वन्द्वबाट प्रभावित सबै व्यक्तिहरुले आफ्ना मुद्दा र आफ्ना विचारहरु ती आयोगहरु समक्ष प्रस्तुत गर्ने मौका पाउने छन्।

४.४ यी दुई आयोगका क्रियाकलापहरु कुनै पनि अवस्थामा प्रचलित फौजदारी कानूनको विकल्पको प्रयोजनमा आउने छैन। बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी विधेयक बलपूर्वक बेपत्ता पार्ने कार्यलाई कानून बमोजिम दण्डनीय अपराध कायम गर्न; सशस्त्र द्वन्द्वकालमा

घटेका घटनाहरुको छानबिन गरी सत्यतथ्य पत्ता लगाउन र कसूरदार विरुद्ध उपयुक्त कारबाही गर्ने बाटो बनाउँदै दण्डहीनता अन्त्य गर्न र पीडितलाई उचित क्षतिपूर्ति तथा न्याय दिने उद्देश्यले तर्जुमा गरिएको हो। त्यसैगरी, सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयकले बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई कुनै पनि अवस्थामा माफी नदिने भनी उल्लेख गरेको छ। विधेयक पारित भई गठन हुने दुई आयोगहरुले गर्ने विस्तृत जाँचबुझ र छानबिनबाट दोषी ठहरिएका व्यक्तिहरु विरुद्ध कानून बमोजिम उचित कारबाही गरिनेछ। यी आयोगहरुलाई आफ्नो औपचारिक पदमा नरहेका कुनै पनि व्यक्तिलाई समेत अनुसन्धान गर्ने अधिकार हुनेछ।

४.५ यी विधेयकहरु अहिलेसम्म कार्यान्वयनमा नआएको हुनाले न्याय प्राप्त हुन नसक्ने भनी तर्क गर्न मिल्दैन। विशेष परिस्थितिमा सशस्त्र द्वन्द्वबाट उत्पत्ति भएका मुद्दाहरुको सम्बोधन गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नु, त्यस्ता मुद्दाहरुलाई उजागर गर्न र आरोपित कसूरदारको अभियोजन सरल बनाउनुका साथै दिगो शान्तिका लागि मेलमिलापको व्यवस्था गर्नु विश्वव्यापी रुपमा प्रचलित अभ्यास हो।

४.६ उजुरीकर्ताले पेश गरेको तथ्य उजुरीकर्ताको छोरीले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरण रिटमा उल्लिखित विवरणभन्दा फरक रहेको भन्ने पक्ष राष्ट्रको तर्क छ। तत्कालिन अवस्थामा उनले उजुरीकर्ताको पति जिल्ला शिक्षा कार्यालयमा शाही नेपाली सेनाबाट पक्राउ परेका थिए भनी उल्लेख गरेकी छन् भने समिति समक्षको उजुरीमा उजुरीकर्ताले श्री कटुवाल आफै जिल्ला शिक्षा अधिकारीको निर्देशनमा सैनिक ब्यारेक गएका थिए भनी उल्लेख गरेकी छन्। तसर्थ, समिति समक्ष तथ्य बढाइचढाई गरेर पेश गरेको भनी पक्ष राष्ट्रले जिकिर गरेको छ। साथै, उजुरीकर्ताको छोरीलाई शाही नेपाली सेनाका १८औं सहायक रथीले पक्राउ गरी यातना दिएको र चालीस हजार रुपैयाँ तिरेर छुटेको भन्ने उजुरीकर्ताको आरोप आधारहीन रहेको पक्ष राष्ट्रको तर्क

छ। आतङ्ककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशमा आर्थिक सजाय सम्बन्धी व्यवस्था नरहेको र उजुरीकर्ताले आफ्नो दाबीलाई समर्थन गर्ने कुनै प्रमाण पेश गर्न नसकेको हुनाले उनको दावी विरोधाभाषपूर्ण छ।

४.७ श्री कटुवाल विरुद्ध यातना गर्ने आरोपित कसूरदारको सम्बन्धमा थुनुवाको अवस्था बारे छानबिन टोलीले आफ्नो प्रतिवेदनमा श्री कटुवाललाई यातना दिने कार्यमा तत्कालीन सह सेनानी दिनेश थापा दोषी ठहरेको भनी उल्लेख गरेको छ। सह सेनानी थापाको अक्टोबर २८, २००२ मा ओखलढुङ्गाको रुम्जाटार चौकीमा कर्तव्य निर्वाहको क्रममा तत्कालीन विद्रोहीको आक्रमणमा परी मृत्यु भएको थियो।

४.८ उजुरीकर्ताले समिति समक्ष श्री कटुवालको परिवारले अन्तरिम राहत स्वरुपमा तीन लाख रुपैयाँ पाएको कुरा स्वीकारेको छ। पक्ष राष्ट्रले यति रकम पर्याप्त छैन र कुनै पनि अवस्थामा श्री कटुवालको परिवारले भोगेको दुःख र पीडाको क्षतिपूर्ति गर्न सक्दैन भन्ने बुझेको छ। तथापि, त्यो रकम सांकेतिक हो र भविष्यमा गठन गरिने संक्रमणकालीन न्यायिक संयन्त्रबाट हुने सिफारिसको आधारमा थप राहत उपलब्ध गराउन पक्ष राष्ट्र प्रतिबद्ध छ।

४.९ १० वर्ष लामो सशस्त्र द्वन्द्वमा भएका बलपूर्वक बेपत्ता पारिएका कार्य सम्बन्धी सबै मुद्दाहरुको उचित र विस्तृत जाचँबुझ गर्न पक्ष राष्ट्र प्रतिबद्ध रहेको र अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता तथा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको भावना अनुरुप उचित घरेलु उपचारको लागि प्रक्रिया अगाडि बढाइरहेको अवस्थामा उजुरीकर्ताले पेश गरेको उजुरी खारेज हुनुपर्ने भन्ने पक्ष राष्ट्रको धारणा रहेको छ।

४.१० नेपाली सेना, सशस्त्र प्रहरी र अन्य सुरक्षा निकायहरुको क्रियाकलाप मानव अधिकार मैत्री होस् भन्ने बारेमा पक्ष राष्ट्र सधैं सचेत छ। यस सम्बन्धमा मानव अधिकारको संरक्षण र प्रबर्द्धन बारे तालीम र निर्देशनमार्फत प्रयास गरिएको छ, यसबाट मानव

अधिकारको संरक्षण, प्रबर्द्धनमा उल्लेखनीय रुपमा विकास भएको पनि छ। संयुक्त राष्ट्र संघीय मानव अधिकारको उच्च आयुक्तको कार्यालय (मानव अधिकारको उच्च आयुक्तको कार्यालय-नेपाल) सँगको सहकार्यमा सुरक्षा बलको तालीम संचालन हुँदै आएको छ।

४.११ मानव अधिकारको संरक्षण, प्रजातान्त्रिक मूल्य र मान्यताको प्रबर्द्धन र दण्डहीनताको अन्त्य पक्ष राष्ट्रका उच्च प्राथमिकताहरु हुन्। पक्ष राष्ट्र प्रजातान्त्रिक र राजनैतिक संक्रमणबाट गुज्रेको छ र सबैले आ-आफ्नो हक र मौलिक स्वतन्त्रता उपभोग गर्न उचित वातावरण सृजना गर्न पक्ष राष्ट्र तत्पर छ। तसर्थ, पक्ष राष्ट्रले आफ्नो धारणामा उल्लिखित कारणहरुका आधारमा उजुरी खारेज गर्न समितिलाई अनुरोध गरेको छ।

**पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको प्रतिक्रिया**

५.१ मे ४, २०११ मा उजुरीकर्ताले पक्ष राष्ट्रको ग्राह्यता सम्बन्धी धारणाको प्रतिक्रिया दिएकी छन्। घरेलु उपचारको उपभोग गर्ने सम्बन्धमा उजुरीकर्ताले समितिको विधिशास्त्रलाई उदृत गर्दै त्यस्तो उपचार उपलब्ध मात्र नभई प्रभावकारी समेत हुनुपर्नेमा जोड दिएकी छन्।[1] पक्ष राष्ट्रलाई उसले गरेको अन्यायबाट उपचार उपलब्ध गराउनका निम्ति त्यस्ता घरेलु उपचारको उपभोग गरिसकेको हुनु पर्दछ। उच्च घरेलु अदालतले विवादित विषयमा निर्णय गरिसकेको भए अरु उपचार उपभोग गरिरहनु नपर्ने समितिको धारणा छ।[2] साथै, समितिले घरेलु उपचार अनावश्यक रुपमा बिलम्वकारी हुन नहुने[3] र सफलताको मुनासिब सम्भावना नभएमा घरेलु उपचार उपयोग गर्न

[1] उजुरीकर्ताले उजुरी नं. २२०।१९८७, T.K v. France, नोभेम्बर ८, १९८९ मा पारित अभिमतको प्रकरण ८.२ लाई उदृत गरेकी छन्।

[2] उजुरीकर्ताले उजुरी नं. १०२३।२००१, Lansman et.al. v. Finland, मार्च १७, २००५ मा पारित अभिमतको प्रकरण ६.३ लाई उदृत गरेकी छन्।

[3] उजुरीकर्ताले उजुरी नं. १६१९।२००७, Pestano v. Phillipines, मार्च २३, २०१० मा पारित अभिमतको प्रकरण ६.४ लाई उदृत गरेकी छन्।

आवश्यक नहुने धारणा राखेको छ।🗁🗐 बाँच्न पाउने अधिकार र यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहारमा प्रतिबन्धका सम्बन्धमा अनुसन्धान त्वरित, विस्तृत, स्वतन्त्र र निष्पक्ष भपमा मात्र प्रभावकारी मानिन्छ।🗁🗎साथै, पीडित वा उनका आफन्तले उजुरी पेश नगरेको अवस्थामा पनि स्वतः अनुसन्धान गर्नुपर्छ।

५.२ प्रस्तुत मुद्दामा छानबिन भइरहेको हुँदा घरेलु उपचार उपभोग भई नसकेको भन्ने पक्ष राष्ट्रको जिकिरलाई उजुरीकर्ताले खण्डन गरेकी छन्।यसै सम्बन्धमा उजुरीकर्ताले जुन १, २००७ को फैसलामा सर्वोच्च अदालतले श्री कटुवालको विषयमा त्यस्ता अपराधका कसूरदारलाई अभियोजन र सजाय गर्नका लागि छानबिनको आदेश दिएको कुरा स्मरण गरेकी छन्।पक्ष राष्ट्रले जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गामा दर्ता गराएको भनिएको जाहेरी दरखास्तको मिति र ठोस प्रमाण जस्ता निश्चित जानकारी दिन सकेन।

५.३ उजुरीकर्ताको पति बेपत्ता भई यातना पश्चात मृत्यु भएको करिब १० वर्ष🗁⌛ बितिसकेको छ।पक्ष राष्ट्रले गम्भीर रुपमा अनुसन्धान गरेको भए आफूले अनुसन्धानको क्रममा चालेको कदम र प्रगति प्रष्ट पार्न सक्ने स्थितिमा हुन्थ्यो।पक्ष राष्ट्रले धेरै अघि नै कसूरदार विरुद्ध अभियोग लगाई न्यायिक कारबाही गरी सजाय गरी कैदमा राख्नुपर्थ्यो।पक्ष राष्ट्रले अभियुक्तहरुलाई हिरासतमा लिई, अपराध सम्बन्धी अभियोग लगाई पुर्पक्षमा ल्याइने समेत उल्लेख नगरेको उजुरीकर्ताको भनाई छ। बलपूर्वक बेपत्ता पार्ने कार्य र यातनाको कसूर नेपालको प्रचलित कानूनमा नसमेटिएकोले सो सम्बन्धी अनुसन्धानले अरु अपराधसँग सरोकार राख्दछ। पीडित र उनका आफन्तलाई अनुसन्धानको स्थितिका बारेमा जानकारी उपलब्ध गराउने दायित्व पक्ष राष्ट्रमा

---

🗁🗐 उजुरीकर्ताले उजुरी नं. ४५८।१९९१, Mukong v. Cameroon, जुलाई २१, १९९४ मा पारित अभिमतको प्रकरण ८.२ लाई उदृत गरेकी छन्।

🗁🗎 उजुरीकर्ताले अन्य कुराका साथै प्रतिज्ञापत्रको पक्ष राष्ट्रमा निहित सामान्य कानूनी दायित्वको प्रकृतिको साधारण टिप्पणी नं. ३१ (२००४) प्रकरण १५ लाई उदृत गरेकी छन्।

🗁⌛समितिले विषयवस्तुको ग्राह्यता निर्धारण गर्ने समयमा करिब ११ वर्ष लागेको।

रहन्छ। पक्ष राष्ट्रले समिति समक्ष यस बारेमा केही पेश नगरेको र उल्टै आफूले चालेको कदम बारे अस्पष्ट रहेको छ। मार्च २०१० मा मानव अधिकारको उच्च आयुक्तको कार्यालय -नेपालले प्रस्तुत मुद्दाका सम्बन्धमा प्रहरी तथा सरकारी वकीलसँग सम्पर्क गरेका थिए र सरकारी वकीलले आफू अनुसन्धानको प्रगति बारे अनभिज्ञ रहेको बताएका थिए। सरकारी वकील कार्यालयले प्रहरीबाट कुनै नयाँ जानकारी प्राप्त नभएको बताएका थिए। फेब्रुअरी २२ देखि २५, २०११ मा भएको ओखलढुङ्गा जिल्लाको भ्रमणबाट मानव अधिकारको उच्च आयुक्तको कार्यालय-नेपालले पनि सोही धारणा पेश गरेको छ। सर्वोच्च अदालतले जुन १, २००७ मा दिएको आदेश सर्वोच्च अदालतले गठन गरेको अनुसन्धान आयोगको प्रतिवेदनमा आधारित थियो। उजुरीकर्तालाई सो प्रतिवेदन अहिलेसम्म पनि ओखलढुङ्गा प्रहरीको हातमा नपरेको भन्ने पनि जानकारी दिइयो। ओखलढुङ्गा प्रहरीका अधिकारीहरुले यसलाई पुष्टि गर्न वा अनुसन्धानको प्रगतिको आधिकारिक सूचना लिखित रुपमा दिन इन्कार गरे।

५.४ सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगले जवाफदेही सम्बन्धी कुरालाई राम्रोसँग सम्बोधन गर्नेछ भन्ने पक्ष राष्ट्रको तर्कलाई उजुरीकर्ताले खण्डन गरेकी छन्। पक्ष राष्ट्रले परस्पर विरोधाभाषपूर्ण तर्कहरु प्रस्तुत गरेको भन्ने उनको भनाई छ। अपराधिक अनुसन्धानको प्रगति विवरण उपलब्ध नगराइकन सो जारी रहेको छ भनी उल्लेख गर्दा समेत पक्ष राष्ट्रलाई भविष्यको संक्रमणकालिन न्यायले अझ राम्रो समाधान दिनेछ भन्ने विश्वास छ। विधेयक ऐन बनिसकेपछि गठन हुने दुई आयोगहरुबाट हुने विस्तृत अनुसन्धान पश्चात् उचित कारबाही हुने पक्ष राष्ट्रको अडान छ। यो वाक्यांशले त्वरित तथा प्रभावकारी अनुसन्धान र अभियोजनको मुनासिब सम्भावना वस्तुगत रुपमा नरहेको भन्ने स्पष्ट संकेत गरेको छ। उजुरीकर्ताले ती विधेयकहरु पारित हुने वा नहुने, कहिले पारित हुने वा पीडित उपर तिनको परिणामको केही टुङ्गो नरहेको भनी खण्डन गरेकी छन्। तसर्थ, ती आयोगहरुले

त्वरित, स्वतन्त्र र प्रभावकारी अनुसन्धान एवं अभियोजन गर्नेछन् भन्ने पक्ष राष्ट्रको तर्कलाई उजुरीकर्ताले खण्डन गरेकी छन्। उजुरीकर्ताले आयोगहरु न्यायिक निकाय नभएको र तिनलाई मानव अधिकार विरुद्धका अपराधीलाई उचित सजाय दिनसक्ने अधिकार नभएको कुरा स्मरण गरेकी छन्।

५.५ साधारण फौजदारी कारबाहीभन्दा संक्रमणकालीन न्यायिक संयन्त्रले उजुरीकर्ताको त्वरित, स्वतन्त्र र प्रभावकारी अनुसन्धान एवं अभियोजन सम्बन्धी अधिकारलाई अझ राम्ररी हेर्छ भन्ने तर्क पक्ष राष्ट्रले राखेको छ। सो तर्कलाई समितिले अस्वीकार गर्नुपर्छ। लामो समय व्यतित भइसकेको र त्यसले प्रभावकारी अनुसन्धान गर्नमा असर पारिरहेको छ। फलस्वरुप आरोपित कसूरदार विरुद्ध बयान तथा प्रमाण संकलन गर्न पनि अवरोध सिर्जना भएको छ।

५.६ घटना भएको १० वर्षभन्दा बढी समय बितिसक्दा पनि उजुरीकर्ताको पतिलाई बलपूर्वक बेपत्ता पारी यातना पश्चात मृत्यु भएको विषयमा प्रभावकारी अनुसन्धानको अभाव रहेको छ। तसर्थ, अब व्यवस्था हुने संक्रमणकालीन न्यायले विवादित विषयको उचित सम्बोधन गर्छ भन्नु केवल घरेलु उपचारलाई बिना कारण लम्ब्याउनु मात्र हो भन्ने उजुरीकर्ताको धारणा छ।[footnote]

५.७ पक्ष राष्ट्रले उल्लेख गरेका अन्य आधारहरु मुद्दाको ग्राह्यतासँग सम्बन्धित नभई कानूनी प्रश्नसँग सम्बन्धित रहेको उजुरीकर्ताको विचार छ। उनले विशेषगरी अन्तरिम राहतको विवाद र आरोपित कसूरदारको मृत्युका साथै मुद्दाको केही तथ्य आफैमा विरोधाभाषपूर्ण रहेको भनी पक्ष राष्ट्रको प्रतिवादलाई उदृत गरेकी छन्। समितिले उजुरी ग्राह्य भएको

---

[footnote] उजुरीकर्ताले Sharma v. Nepal मा समितिको विधिशास्त्र, प्रकरण ६.३ र उजुरी नं. १२५०।२००४, Rajapakse v. Sri Lanka, जुलाई १४, २००६ मा पारित अभिमतको प्रकरण ६.२ लाई उदृत गरेकी छन्।

घोषणा गरेमा उजुरीकर्ताले कानूनी प्रश्नको सम्बन्धमा प्रतिक्रिया पेश गर्दा यी विषयहरुलाई सम्बोधन गरिनेछ।

५.८ प्रभावकारी रुपमा अपराधको अनुसन्धान गर्नमा निरन्तर विलम्ब गर्नु दण्डहीनतालाई कायम गर्ने माध्यम हो र विगतका मानव अधिकार उल्लंघन सम्बन्धी जवाफदेहीता इन्कार गर्नु हो भनी उजुरीकर्ताले नोभेम्बर १, २०११ मा समिति समक्ष पेश गरेकी छन्। अक्टोबर, २००८ मा नेपाल सरकारले मन्त्रिपरिषद्का दुई वरिष्ठ सदस्यसहित अधिकांश राजनैतिक दलमा लागेका व्यक्तिहरु विरुद्धका ३४९ फौजदारी मुद्दा फिर्ता लिने निर्णय गऱ्यो। मुद्दा फिर्ता लिने कार्य शान्ति प्रक्रियालाई प्रबर्द्धन गर्न र राजनैतिक कारणले दर्ता भएका मुद्दाहरु फिर्ता लिने सम्बन्धी व्यवस्था लागू गरी विस्तृत शान्ति सम्झौताको पूर्ण कार्यान्वयन गर्न आवश्यक देखिन्छ।[*] वास्तवमा ती मुद्दाहरुमा राजनैतिक कारणले अभियोग लागेको भन्दा पनि धेरैजसो हत्या, ज्यान मार्ने उद्योगका साथै जबरजस्ती करणी र अङ्गभङ्ग जस्ता अन्य गम्भीर अपराधहरुको आरोप लगाइएको थियो।

५.९ हत्याको अभियोगमा उच्च पदस्थ राजनैतिक व्यक्ति विरुद्ध जिल्ला अदालतले जारी गरेको पक्राउपुर्जीको निर्णय उपर सर्वोच्च अदालतले ती मुद्दाहरुको भविष्यका संक्रमणकालीन न्यायिक संयन्त्रबाट उचित सम्बोधन हुने भन्ने सरकारको अडानलाई नै अनुमोदन गर्दै भरखर खारेज गरेको छ। यस्ता प्रवृत्ति प्रजातन्त्र र शक्तिपृथकीकरणको सिद्धान्तको लागि चिन्ताजनक रहेको भन्ने उजुरीकर्ताको विचार छ।

५.१० अगस्त, २०११ मा एकीकृत कम्युनिष्ट पार्टी, नेपाल-माओवादीका बाबुराम भट्टराईलाई प्रधानमन्त्रीको उम्मेदवारीमा एकीकृत प्रजातान्त्रिक मधेशी मोर्चाको समर्थन गर्नका लागि दुई दलबीच चार बुँदे राजनैतिक सम्झौता भएको र सम्झौताको तेस्रो बुँदामा अन्य

[*] नोभेम्बर २१, २००६ को विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.७।

विषयमध्ये मौलिक अधिकारलाई विकसित गर्न, "माओवादी विद्रोह, मधेश आन्दोलन, जनजाति आन्दोलन, थारुहट आन्दोलन र दलित तथा पिछडावर्ग आन्दोलनमा संलग्न व्यक्तिहरु विरुद्ध अदालतमा दायर भएका मुद्दाहरु फिर्ता गर्न र उनीहरुलाई आम माफी दिने गरी प्रतिज्ञा गरिएको व्यहोरा" दोस्रो बुँदामा उल्लेख भएको भन्ने उजुरीकर्ताले पेश गरेकी छन्। प्रधानमन्त्री नियुक्त भएपछि बाबुराम भट्टराईले उक्त सम्झौता अनुमोदन गरेका छन् र साथै प्रधानमन्त्रीद्वारा मनोनित भई नियुक्त हुने महान्यायाधिवक्ताले पनि उक्त सम्झौतालाई अनुमोदन गरेका छन्। यस्तो अभ्यासले राजनैतिक व्यक्तिहरुलाई फौजदारी दायित्वबाट संरक्षण गर्ने आकांक्षालाई उजार गरेको छ। यस्ता निर्णयहरुको परिणाम स्वरुप सयौं अपराधका कसूरदारहरुले माफी पाई दण्डहीनता हुने हुन्छ। ।

५.११ उजुरीकर्ताले मानव अधिकारको अन्तर-अमेरिकी अदालतको विधिशास्त्र, जसमा व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्यमा प्रतिबन्ध र कसूरदारको अनुसन्धान गरी अभियोजन गर्ने कर्तव्य इमान्दारीपूर्वक पालन गर्नुपर्छ भन्ने सर्वव्यापी मान्यता हो भनी अदालतले भनेकोलाई उद्‌दृत गरेकी छन्। त्यसैगरी, व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य जस्ता अपराधको अपराधिक अभियोजनमा रोक लगाउन वा आरोप लगाउनबाट रोक्न दवाव दिने यस्ता अपराधलाई राजनैतिक अपराध वा कुनै पनि अवस्थामा राजनैतिक अपराधसँग सम्बन्धित मान्न सकिँदैन।[७०]

५.१२ संक्रमणकालीन न्याय संयन्त्र गठनमा विलम्ब, श्री कटुवालको बेपत्ता सम्बन्धी जारी कारबाहीको अपर्याप्तता, फौजदारी मुद्दा फिर्ता लिने सम्बन्धी पछिल्लो निर्णय र मुद्दाको पुनरावलोकनमा स्वच्छन्दता जस्ता विषयहरु नेपालमा उपयुक्त उपचार प्रक्रियाको अभावका संकेतहरु हुन् भन्ने उजुरीकर्ताको निचोड छ।

[७०] उजुरीकर्ताले नोभेम्बर २६, २००८ को Tiu Tojin. v. Guatemala को निर्णयको मानव अधिकारको अन्तर-अमेरिकी अदालत, प्रकरण ९१ लाई उद्‌दृत गरेकी छन्।

## उजुरीको ग्राह्यतामा समितिको निर्णय

*ग्राह्यताका सम्बन्धमा*

६.१ अक्टोबर १०, २०१२ मा समितिले आफ्नो १०६औं बैठकमा उजुरीको ग्राह्यता सम्बन्धी परीक्षण गऱ्यो।

६.२ स्वेच्छिक प्रोटोकलको धारा ५(२(क)) को शर्त हनुसार प्रस्तुत उजुरीको विषय अन्य कुनै अन्तर्राष्ट्रिय अनुसन्धान वा विवाद समाधान सम्बन्धी प्रक्रिया अन्तर्गत परीक्षणको लागि विचाराधीन नरहेको समितिले ठहर गरेको छ।

६.३ सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग जस्ता भविष्यका सक्षम संक्रमणकालीन न्यायिक संयन्त्रको सम्बन्धमा स्वेच्छिक प्रोटोकलको धारा ५(२(ख)) बमोजिमको शर्त पूरा गर्न गैर न्यायिक निकायमा उपलब्ध मार्ग उपभोग गर्न जरुरी नरहेको समितिले स्मरण गरेको छ। घरेलु उपचार उपभोग गर्ने आवश्यकताको सम्बन्धमा उजुरीकर्ताले २००५ मा सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट पेश गरी घरेलु उपचारको उपभोग गर्ने प्रयास गरेको समितिको टिप्पणी छ। पक्ष राष्ट्रले दर्ता गराएको भनिएको जाहेरी दरखास्त सम्बन्धी ठोस जानकारी उपलब्ध नगराएको र श्री कटुवालको पक्राउको ११ वर्षभन्दा बढी बितिसक्दा पनि अपराधको अनुसन्धान जारी राखी रहेको र उजुरीकर्ताले लगाएको गम्भीर प्रकृतिको उल्लंघन भएको आरोपमा प्रभावकारी अनुसन्धान भएको भन्ने देखाउन नसकेको र प्रभावकारी अनुसन्धान जारी गर्नमा अनावश्यक रुपमा विलम्ब भएको भन्ने आधारमा स्वेच्छिक प्रोटोकलको धारा ५(२(ख)) अन्तर्गत उजुरीलाई विचार गर्न समितिलाई रोकबाट नभएको भन्ने समितिको निष्कर्ष छ।

---

हेर्नुहोस् उजुरी नं १७६१/२००८, *Giri v. Nepal*, मार्च २०, २०११ मा पारित अभिमत, प्रकरण ६.३।

ऐ., प्रकरण ६.३।

६.४ उजुरीकर्ताको पतिको हकमा प्रतिज्ञापत्रको धारा ६(१), ७, ९, १० र १६ का साथसाथै धारा २(३) र उजुरीकर्ताको हकमा धारा ७ का साथसाथै धारा २(३) अन्तर्गत लिइएको दाबीका आधारमा उजुरी ग्राह्य भएको समितिले घोषणा गरेको छ।

**मूल कानूनी प्रश्नमा पक्ष राष्ट्रको धारणा**

७.१ अप्रिल १६, २०१३ को कुटनीतिक पत्र मार्फत पक्ष राष्ट्रले मूल कानूनी प्रश्नमा आफ्नो अवधारणा पेश गरेको र उजुरीकर्ताले घरेलु उपचारको उपभोग गरी नसकेको भन्ने पुनः दोहोऱ्याएको छ।

७.२ सर्वोच्च अदालतको निर्देशानुसार श्री कटुवालको हत्या भएको अपराधको अभियोगमा ओखलढुङ्गाको जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएको र सो सम्बन्धी अपराधको अनुसन्धान भइरहेको भनी पक्ष राष्ट्रले पेश गरेको छ। अनुसन्धानको दौरान जिल्ला प्रहरी कार्यालयले श्री कटुवालका छोरा, उसक कटुवाल र वीर बहादुर अधिकारीको बयान लिएको र प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई शीघ्र अनुसन्धान गर्न निर्देशन जारी गरेको थियो। यी क्रियाकलापले पक्ष राष्ट्रको घरेलु उपचार उपभोग भई नसकेको भन्ने तर्कलाई समर्थन गरेको छ। उजुरीकर्ताको दाबी संक्रमणकालीन न्याय संयन्त्रको थप कार्य सहित प्रचलित फौजदारी न्याय प्रणाली अन्तर्गत सम्बोधन हुने भएकोले पक्ष राष्ट्रले उजुरीको कानूनी प्रश्नउपर विचार विमर्श गरिरहन नपर्ने भनी समितिलाई जानकारी गराएको छ।

७.३ पक्ष राष्ट्रले फौजदारी क्षेत्राधिकारमा पर्ने द्वन्द्वसँग सम्बन्धित मुद्दा र द्वन्द्वकालीन फौजदारी मुद्दाहरु छुट्याई संक्रमणकालीन न्याय संयन्त्रको अतिरिक्त नियमित न्यायिक संयन्त्र अन्तर्गत छानबिन गरिने प्रतिबद्धताको पुष्टि गरेको छ। सशस्त्र द्वन्द्वका बेलाको गम्भीर मानव अधिकार उल्लंघन सम्बन्धी मुद्दाहरु संक्रमणकालीन न्यायिक संयन्त्रको स्थापना नभएको भनी अड्काउनु भन्दा नियमित फौजदारी न्याय प्रणाली अन्तर्गत

छानबिन तथा अभियोजन गर्नुपर्ने भन्ने अप्रिल २, २०१४ को गोविन्द प्रसाद शर्मा "बन्दी" वि. महान्यायाधिवक्ता समेतको मुद्दामा भएको सर्वोच्च अदालतको निर्णयलाई उदृत गरेको छ। पक्ष राष्ट्रले कानून कार्यान्वयन गर्ने अधिकारीले सक्षम अदालतको आदेश कार्यान्वयन गर्ने कुरा दाबी गर्दै र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गर्ने सम्बन्धी विधेयकहरु संसदमा पेश भइसकेको र ती विधेयकहरु सर्वोच्च अदालतको निर्णय अनुकूल रहेको भनी पुनः उल्लेख गरेको छ। साथै, बलपूर्वक बेपत्ता पार्ने कार्य कानून अन्तर्गत सजाय हुने अपराधको रुपमा परिमार्जन भएको सुनिश्चित गर्ने प्रतिबद्धता पक्ष राष्ट्रले व्यक्त गरेको छ।

७.४ उजुरीकर्ताले जिल्ला अदालतमा उजुरी नगरे तापनि निजले तीन लाख रुपैयाँ अन्तरिम राहत स्वरुपमा प्राप्त गरेकी छन्। उजुरीकर्ता र निजको सन्तानले सक्षम अदालतबाट र संक्रमणकालीन न्यायिक संयन्त्रको अनुसन्धान र सिफारिसको आधारमा उपचार पाउने नै छन् भनी पक्ष राष्ट्रले उल्लेख गरेको छ।

**पक्ष राष्ट्रको धारणा उपर उजुरीकर्ताको टिप्पणी**

८.१ पक्ष राष्ट्रले ग्राह्यता सम्बन्धी धारणामा उठाएका विषय बाहेक केही नयाँ कुरा थप नगरेको र उजुरीकर्ताको उजुरीको ग्राह्यतालाई निरन्तर चुनौति दिएको भनी जुन १२, २०१४ मा उजुरीकर्ताले पक्ष राष्ट्रको धारणा उपर आफ्नो टिप्पणी राखेकी छन्। साथै, उजुरीकर्ताले यकिन रुपमा कुन उपलब्ध तथा प्रभावकारी उपचार उपभोग गर्नुपर्ने हो र उनको पतिको मुद्दामा फौजदारी कारबाही किन नगरिएको हो भन्ने स्पष्टीकरण दिनबाट पक्ष राष्ट्र असफल भएको छ। कसूरदारलाई अपराधिक अभियोजनसम्म पुऱ्याउने अनुसन्धानको अभावमा पक्ष राष्ट्रले प्रतिज्ञापत्र अन्तर्गतका दायित्वहरु पूरा नगरेकोले

प्रतिज्ञापत्रको धारा ६, ७, ९, १९ र १६ का साथसाथै धारा २(३) को निरन्तर उल्लंघन गरेको भनी उजुरीकर्ताले पेश गरेकी छन्।

८.२ पक्ष राष्ट्रले श्री कटुवालको मुद्दा सम्बन्धी अनुसन्धान जारी छ भनी आफूले २०११ मा दिएको जानकारी दोहोऱ्याएको मात्र हो। ग्राह्यताको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग जस्ता गैर न्यायिक संयन्त्रलाई उपभोग गर्नुपर्ने कुरालाई घरेलु उपचारको रुपमा मान्न नहुने भन्ने समितिको निष्कर्षको अवज्ञा गर्दै सत्य निरुपण तथा मेलमिलाप आयोग उपभोग गर्नुपर्ने एक महत्वपूर्ण घरेलु उपचार हो भन्ने तर्क पक्ष राष्ट्रले निरन्तर रुपमा राखेको छ। यस सम्बन्धमा नेपालका राष्ट्रपतिले सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन मे ११, २०१४ मा प्रमाणीकरण गरे तापनि सो ऐनले अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था उल्लंघन गरेको र उजुरीकर्ताले प्रतिक्रिया पेश गरिरहेको समयमा संक्रमणकालीन न्याय संयन्त्र स्थापना नभएको भनी उजुरीकर्ताले जोड दिएकी छन्। त्यसका अतिरिक्त, पक्ष राष्ट्रले मूल कानूनी प्रश्नमा आफ्नो धारणा प्रस्तुत गर्दा ऐन जारी गर्ने सम्बन्धमा हस्ताक्षर भई नसकेकोले संक्रमणकालीन न्यायिक संयन्त्र स्थापना हुने भए कहिले हुन्छ भन्ने थाहा भएको थिएन। पक्ष राष्ट्रले उजुरीकर्तालाई लागू नभएको उपचारको उपभोग गर्न भनिरहेको थियो। मानव अधिकारको गम्भीर उल्लंघनका कसूरदारको अभियोजन संक्रमणकालीन न्यायिक संयन्त्रको स्थापनामा निर्भर हुन सक्दैन र त्यस सम्बन्धी पक्ष राष्ट्रको तर्कमा कानूनी आधार नदेखिएको भनी उजुरीकर्ताले दोहोऱ्याएकी छन्। प्रतिज्ञापत्र अन्तर्गत पक्ष राष्ट्रको दोस्रो आवधिक प्रतिवेदनमा द्वन्द्वसँग सम्बन्धित एउटा पनि मुद्दा फौजदारी न्याय प्रणाली अन्तर्गत सफलतापूर्वक अभियोजन नभएको भनी समितिले औंल्याएको निर्णयात्मक अवधारणालाई उनले उद्दृत गरेकी छन्। (हेर्नुहोस् CCPR/C/NPL/CO/2, प्रकरण ५(क))

८.३ सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले अन्तर्राष्ट्रिय कानूनमा भएको व्यवस्था उल्लंघन गरेको र जनवरी २, २०१४ मा सर्वोच्च अदालतले गरेको निर्णय विपरीत भएको भनी उजुरीकर्ताले दाबी गरेकी छन्।[illegible] उनले ऐनमा केही महत्वपूर्ण त्रुटीहरु पहिचान गरेकी छन्: आयोगलाई गम्भीर मानव अधिकार उल्लंघनका मुद्दाहरुमा पनि पीडित र कसूरदारबीच मेलमिलाप गराउन सक्ने अधिकार रहेको (दफा २२) र मेलमिलाप गराइएको मुद्दामा कुनै पनि कानूनी कारबाही हुन नसक्ने गरी निषेध गरिएको; गम्भीर मानव अधिकार उल्लंघन गर्ने र अन्तर्राष्ट्रिय कानून अन्तर्गत अपराधमा संलग्न व्यक्तिलाई समेत आम माफी दिन सिफारिस गर्ने अधिकार आयोगमा रहेको (दफा २६); अन्तर्राष्ट्रिय कानून अन्तर्गतको अपराध हुने कसूरलाई अपराधको रुपमा परिभाषित नगरिएको; अभियोजनको संयन्त्रमा सिफारिस गर्ने प्रक्रिया पर्याप्त नभएको; पीडितको क्षतिपूर्ति सम्बन्धी अधिकारलाई मान्यता नदिइएको (दफा २(ङ) र २३)। माथि उल्लेख भए अनुसार सो ऐन संशोधन नभएसम्म त्यसले प्रभावकारी उपचार प्रदान गर्न सक्दैन।

८.४ अपराधको अनुसन्धान भइरहेको र त्यसको निष्कर्ष पश्चात उजुरीकर्ताले उपचार पाउनेछन् भन्ने पक्ष राष्ट्रको धारणाको उजुरीकर्ताले खण्डन गरेकी छन्। उनले आफ्नो पतिको बारेमा सत्यतथ्य जान्न १३ वर्षभन्दा बढी पर्खँदै आएको र पक्ष राष्ट्रले उनलाई अझ अनिश्चित कालसम्म पर्खन सुझाव दिएको भन्ने उनको भनाई छ।

८.५ अन्त्यमा, उजुरीकर्ताले पक्ष राष्ट्रले उनको कुनै पनि मूल कानूनी प्रश्न खण्डन गर्न नसकेको हुँदा उनको वास्तविक उजुरीमा व्याख्या गरेको तथ्य स्थापित गरिदिनका लागि समितिलाई अनुरोध गरेकी छन्।

---

[illegible] सर्वोच्च अदालतको निर्णयको मिति पक्ष राष्ट्रको मूल कानूनी प्रश्न उपर अवधारणामा अप्रिल २, २०१४ रहेको छ।

**पक्ष राष्ट्रबाट भएको थप प्रस्तुति**

९. अगस्त ११, २०१४ मा कुटनीतिक पत्र मार्फत पक्ष राष्ट्रले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा जारी गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तुरुन्त स्थापना गरिने भनी समितिलाई जानकारी गराएको छ। यातना दिने र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको रुपमा परिभाषित गर्न विधेयक तर्जुमा गरी पुनः संसदमा पेश गर्ने प्रक्रियामा रहेको समेत पक्ष राष्ट्रले पेश गरेको छ। संक्रमणकालीन न्यायिक संयन्त्र बिना द्वन्द्वका पीडितलाई फौजदारी न्याय प्रणालीबाट राहत उपलब्ध गराउन नसकिने आफ्नो भनाई दोहोऱ्याउँदै उल्लिखित संयन्त्र स्थापना भइसकेपछि उजुरीकर्ताको दाबी पूर्ण रुपमा सम्बोधन हुने भनी पक्ष राष्ट्रले समितिलाई आश्वासन दिएको छ।

**उजुरीकर्ताबाट भएको थप प्रस्तुति**

१०. सेप्टेम्बर ४, २०१४ मा उजुरीकर्ताले आफ्नो पहिलेको जिकिर पुनः उल्लेख गर्दै, समितिले आफ्नो उजुरी ग्राह्य भएको घोषणा गरिसकेको कुरा उल्लेख गरेकी छन्। बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनको आधारमा भविष्यमा स्थापना हुने संक्रमणकालीन न्यायिक संयन्त्रका सम्बन्धमा पक्ष राष्ट्रको तर्कका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय स्रोतहरुले सो ऐनका कमीकमजोरी देखाएको र अन्तर्राष्ट्रिय मापदण्ड पूरा नगर्ने भन्ने जनाएको हुँदा सो ऐनले प्रभावकारी उपचार दिन नसक्ने उजुरीकर्ताको भनाई छ।

**मूल कानूनी प्रश्नको सम्बन्धमा**

११.१ स्वेच्छिक प्रोटोकलको धारा ५(१) बमोजिम पक्षहरुले उपलब्ध गराएको सम्पूर्ण जानकारीको रोहमा मानव अधिकार समितिले प्रस्तुत उजुरीलाई विचार गरेको छ।

११.२ डिसेम्बर १३, २००१ मा श्री कटुवाललाई बोलाइएको कारण ओखलढुङ्गाको सैनिक ब्यारेकमा गए, त्यसपछि उनी बेपत्ता भए; उनलाई देख्ने साक्षीको भनाइ अनुसार, उनलाई त्यहाँ निर्ममतापूर्वक यातना दिइयो, रगताम्य कपडामा अचेत देखिने गरी उनलाई सुरक्षाकर्मीले डिसेम्बर १४, २००१ को बिहान बोक्दै लगेका थिए; उनको अवस्था बारे २००७ सम्म कुनै जानकारी थिएन र त्यस बेला सम्बन्धित अधिकारीले उजुरीकर्तालाई उनको पति कहाँ छन् भन्ने बारे सत्यतथ्य जानकारी दिएनन् भन्ने उजुरीकर्ताको अखण्डनीय आरोप समितिले टिपोट गरेको छ। मिसिलमा अरु कुनै सम्बन्धित जानकारीको अभावमा श्री कटुवाललाई स्वतन्त्रताबाट वञ्चित गर्नु, अधिकारीबाट त्यस्तो वञ्चित गरेको स्वीकार नगर्नु र उनको अवस्था बारे लुकाउनु जस्ता कार्यले बलपूर्वक बेपत्ता पारिएको पुष्टि हुन आउँछ भन्ने समितिले विचार गरेको छ।

११.३ प्रतिज्ञापत्रको कुनै पनि धारामा "बलपूर्वक बेपत्ता पार्ने कार्य" भन्ने शब्द स्पष्ट रुपले प्रयोग भएको नभएतापनि बलपूर्वक बेपत्ता पार्ने कार्यले सन्धिमा उल्लिखित विभिन्न अधिकारहरुको फरक र श्रृंखलाबद्ध प्रकृतिका घटनाहरुबाट निरन्तर उल्लंघनलाई समेट्छ भन्ने समितिको धारणा छ।

११.४ उजुरीकर्ताको पति पक्ष राष्ट्रको सशस्त्र बलका प्रतिनिधिहरुबाट पक्राउ परेको र निजको मृत्युको घोषणा नभएसम्म उनलाई पक्राउ गरिएको समयदेखि अज्ञात हिरासतमा राखिएको, उनलाई अन्तिम पटक डिसेम्बर, २००१ मा देखिएको भए तापनि २००७ सम्म कुनै पनि औपचारिक अनुसन्धान नगरिएको भन्ने उजुरीकर्ताको आरोपलाई समितिले टिपोट गरेको छ। सर्वोच्च अदालतबाट २००६ मा स्थापित थुनुवाको अवस्था बारे छानबिन टोलीले सुरक्षाकर्मीले पक्राउ गरे पछि श्री कटुवाललाई यातना दिएको र सोही यातनाको कारण डिसेम्बर १६, २००१ मा उनको हिरासतमै मृत्यु भएको निश्चित

गरेको भन्ने पनि समितिले टिपोट गरेको छ। श्री कटुवालको शव निजको परिवारलाई फिर्ता नगरिएको भन्ने कुरा समेत समितिले टिपोट गरेको छ।

११.५ श्री कटुवालको मुद्दामा अपराधको अनुसन्धान जारी रहेको छ भनी पक्ष राष्ट्रले उल्लेख गरेको छ। यद्यपि, त्यस्तो अपराधिक अनुसन्धान भइरहेको र त्यो प्रभावकारी छ भन्ने कुरा प्रमाणित गर्न पक्ष राष्ट्रले पर्याप्त जानकारी नदिएको समितिले टिपोट गरेको छ। घटनाको तेह्र वर्ष पछि प्रस्तुत मुद्दामा श्री कटुवालको मृत्युको अवस्था पूर्ण रुपमा स्पष्ट गरेको छैन र थुनुवाको अवस्था बारे छानबिन टोलीको प्रतिवेदनमा कसूरदारहरुको अनुमानित पहिचान गरेको भए तापनि उनीहरुलाई जिम्मेवार ठहऱ्याएको छैन। त्यसको अतिरिक्त, सर्वोच्च अदालतले सैनिक अधिकारीले दिएको यातनाबाट श्री कटुवालको मृत्यु भएको भन्ने पुष्टि गरेको छ। तसर्थ, श्री कटुवालको सैनिक हिरासतमा मृत्यु भएको र पक्ष राष्ट्रबाट प्रभावकारी अनुसन्धान नभएको हुँदा प्रतिज्ञापत्रको धारा ६ बमोजिम श्री कटुवालको बाँच्न पाउने अधिकार हनन भएको भन्ने समितिको विचार छ।

११.६ उजुरीकर्ताले उनको पतिलाई हिरासतमा निर्ममतापूर्वक यातना दिइएको भन्ने आरोप पक्ष राष्ट्रको सर्वोच्च अदालतको आदेश बमोजिम गरिएको अनुसन्धानबाट पुष्टि भएको उल्लेख गरेकी छन्। अनिश्चत रुपमा कुनै पनि बाहिरी व्यक्तिहरुसँग सम्पर्कबिहिन हुने गरी थुनामा राखिँदाको पीडाको मात्रालाई समितिले पहिचान गरेको छ। समितिले धारा ७ को सामान्य टिप्पणी नं. २० (१९९२) लाई स्मरण गरेको छ, जसमा समितिले अज्ञात हिरासत उपर प्रतिबन्ध लगाउन पक्ष राष्ट्रले व्यवस्था गर्नुपर्ने सिफारिस गरेको छ। प्रस्तुत मुद्दामा सर्वोच्च अदालतको निचोडका आधारमा उजुरीकर्ताको पतिमाथि भएको यातनापूर्ण व्यवहार र उनलाई अज्ञात हिरासतमा राखिएको कार्यले प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको छ। यस निष्कर्षको आधारमा प्रतिज्ञापत्रको धारा १० अन्तर्गत छुट्टै रुपमा उजुरीकर्ताको दाबीमा निर्णय गर्न आवश्यक नभएको समितिको विचार छ।

११.७ आफ्नो पति बेपत्ता भएको कारणले उजुरीकर्तालाई हुन गएको पीडा, उनलाई यथोचित क्षतिपूर्ति दिलाउनमा राष्ट्रको असक्षमता, उजुरीकर्तामाथि भएको दुर्व्यवहार र धम्की, उनको पतिको अवस्था बारे लामो समयसम्म पदाधिकारीहरुले दिएको भ्रमपूर्ण जानकारी र आफ्नो पतिको अवशेष प्राप्त गर्न निरन्तर असफल भएकोलाई समितिले ध्यानमा राखेको छ। त्यसैगरी, अभिलेखमा भएका तथ्यले उजुरीकर्ताको हकमा प्रतिज्ञापत्रको धारा ७ को उल्लंघन भएको देखाउँछ।

११.८ उजुरीकर्ताको पतिलाई सुरक्षाकर्मीले पक्राउ गरी थुनामा राखेकोमा त्यसरी पक्राउ गर्नुको कारणबारे जानकारी प्रस्तुत गरिएको र थुनाको वैधतालाई स्पष्ट पार्नको लागि न्यायाधीश समक्ष प्रस्तुत गरिएको भन्ने बारे कुनै प्रमाण नभएको भनी प्रतिज्ञापत्रको धारा ९ (१–४) अन्तर्गत गरेको दाबीलाई समितिले टिपोट गरेको छ। यस सम्बन्धमा पक्ष राष्ट्रबाट ठोस जानकारी प्राप्त नभएकोले उजुरीकर्ताले लगाएको आरोपलाई उचित मान्यता दिइनुपर्छ। त्यसैगरी, उजुरीकर्ताको पतिलाई पक्राउ गरी थुनामा राखेको कार्यबाट प्रतिज्ञापत्रको धारा ९ को उल्लंघन भएको छ ।

११.९ धारा १६ को उल्लंघन भएको भन्ने उजुरीकर्ताको आरोपको सम्बन्धमा समितिले आफ्नो स्थापित विधिशास्त्रलाई उद्धरण गरेको छ जसअनुसार कुनै व्यक्तिलाई लामो समयसम्म कानूनको संरक्षणबाट वञ्चित गरिएको, कुनै पीडित अन्तिम पटक राष्ट्रका पदाधिकारीको हातमा देखिएको र उनका परिवारले न्यायिक उपचार (प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३) लगायत अन्य सम्भाव्य प्रभावकारी उपचार प्राप्त गर्ने प्रयासहरुमा बाधा पुऱ्याइएको जस्ता कार्यले त्यस व्यक्तिलाई कानूनको दृष्टिमा व्यक्तिको रुपमा मान्यता दिन अस्वीकार गरेको मानिन्छ।[illegible] प्रस्तुत मुद्दामा २००७ सम्म अधिकारीहरुले श्री कटुवालको

---

[illegible] हेर्नुहोस् उजुरी नं २०५१/२०११, Basnet v. Nepal, मा अक्टोबर २९, २०१४ मा पारित अभिमत, प्रकरण ८.७; नं २०३१/२०११, Bhandari v. Nepal, मा अक्टोबर २९, २०१४ मा पारित अभिमत, प्रकरण ८.८; ; नं

परिवारलाई उनको अवस्थाबारे भ्रामक जानकारी दिई निजलाई उनीहरुले फेला पार्न असम्भव बनाइदिए। यस विषयमा पक्ष राष्ट्रबाट कुनै प्रतिक्रिया प्राप्त नभएकोले श्री कटुवाललाई बलपूर्वक बेपत्ता पारिएको कार्यले प्रतिज्ञापत्रको धारा १६ को उल्लंघन गरेको समितिको ठहर छ।

११.१० उजुरीकर्ताले प्रतिज्ञापत्रको धारा २ को प्रकरण ३ अन्तर्गत प्रतिज्ञापत्रले प्रदान गरेको कुनै पनि अधिकारको हनन भएका व्यक्तिहरुलाई प्रभावकारी उपचार प्रदान गर्नुपर्ने पक्ष राष्ट्रको दायित्वलाई औंल्याएको छ। मानव अधिकारको उल्लंघनका दाबीहरुलाई सम्बोधन गर्नका लागि पक्ष राष्ट्रले उचित न्यायिक तथा प्रशासनिक संयन्त्रहरु स्थापना गर्नुपर्ने कुरामा समितिले दिएको महत्वलाई समितिले पुनः दोहोऱ्याएको छ। समितिले आफ्नो सामान्य टिप्पणी नं. ३१ लाई उदृत गरेको छ, जसअनुसार प्रतिज्ञापत्रका अधिकारहरु हनन भएको भन्ने दाबी उपर प्रभावकारी अनुसन्धान गर्न नसक्नु आफैमा प्रतिज्ञापत्रको उल्लंघन मानिन्छ।

११.११ प्रस्तुत मुद्दाको तथ्यले श्री कटुवालले थुनामा रहेको समयमा प्रभावकारी उपचारमा पहुँच नपाएको संकेत गर्दछ। आफ्नो पति बेपत्ता भएको समयदेखि नै उजुरीकर्ता उनको खोजीमा विभिन्न सहरमा अधिकारीहरु समक्ष गईन् तर उनको पतिको बारे उनलाई भ्रामक जानकारी दिइयो। श्री कटुवाल पक्राउ परेको १३ वर्ष बितिसक्दा पनि उजुरीकर्ताको प्रयास तथा फौजदारी कसूरमा अनुसन्धान गर्नका लागि सर्वोच्च अदालतले दिएको आदेशका बाबजुद समेत पक्ष राष्ट्रले उनको बेपत्ता भएको र सम्भाव्य मृत्युसँग सम्बन्धित वास्तविक परिस्थितिमा प्रकाश पार्नका लागि विस्तृत र प्रभावकारी अनुसन्धान गरेको छैन र अपराधीहरुलाई न्यायिक कारबाहीमा ल्याउन सकेको छैन। पीडितहरुमाथि

---

१४९५/२००६, Madouti v. Algeria, मा अक्टोबर २८, २००८ मा पारित अभिमत, प्रकरण ७.७; र नं १९०५/२००९, Khirani v. Algeria,मा मार्च २६, २०१२ मापारित अभिमत, प्रकरण ७.९।

भएको गम्भिर उल्लंघनको तुलनामा क्षतिपूर्ति स्वरुप उजुरीकर्तालाई प्रदान गरिएको तीन लाख रुपैयाँलाई पर्याप्त उपचार मान्न मिल्दैन। समिति समक्ष प्रस्तुत गरिएका तथ्यले श्री कटुवालको हकमा प्रतिज्ञापत्रको धारा २(३) को साथै धारा ६, ७, ९(१-४) र १६ तथा उजुरीकर्ताको हकमा धारा २(३) को साथसाथै धारा ७ को उल्लङ्घन भएको भन्ने समितिको निष्कर्ष छ।

१२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक प्रोटोकलको धारा ५(४) अन्तर्गतको मानव अधिकार समिति समक्ष प्राप्त तथ्यका आधारमा श्री कटुवालको हकमा प्रतिज्ञापत्रको धारा ६; ७; ९(१-४) र १६ को साथै धारा २(३) र उजुरीकर्ताको हकमा धारा ७ को साथै धारा २(३) को उल्लङ्घन भएको मानव अधिकार समितिको अभिमत छ।

१३. प्रतिज्ञापत्रको धारा २(३) को व्यवस्था अनुसार देहाय वमोजिम प्रभावकारी उपचार प्रदान गर्नुपर्ने पक्ष राष्ट्रको दायित्व रहन्छः (क) श्री कटुवालको अवशेष रहेको स्थान पत्ता लगाउनका लागि विस्तृत र प्रभावकारी अनुसन्धान गर्ने र फेला पारी परिवारको जिम्मा लगाउने; (ख) श्री कटुवालको स्वतन्त्रताको हनन, निजमाथिको यातना र उनलाई बलपूर्वक बेपत्ता पार्ने कार्यमा जिम्मेबार व्यक्तिहरुलाई अभियोजन गरी, पुर्पक्ष र सजाय गरी त्यसबाट प्राप्त हुन आएको नतिजा सार्वजनिक गर्ने; (ग) उल्लंघनको कारणले उजुरीकर्ताले भोग्नुपरेको पीडा बापत पर्याप्त क्षतिपूर्ति र सन्तुष्टिका उचित उपाय लगायतका प्रभावकारी पुनर्स्थापना प्रदान गर्ने। भविष्यमा यस्ता उल्लंघनका घटनाहरूको रोकथाम गर्नका लागि कदम चाल्ने पनि पक्ष राष्ट्रको दायित्व हुन आँउछ। यसका साथै प्रतिज्ञापत्रको उल्लंघन गर्ने कुनैपनि तथ्यलाई फौजदारी अभियोजन गर्न पक्ष राष्ट्रको कानून अनुकुल हुनुपर्ने कुराको सुनिश्चितता समेत पक्ष राष्ट्रले गर्नुपर्छ।

१४. स्वेच्छिक प्रोटोकलको पक्ष हुँदा पक्ष राष्ट्रले प्रतिज्ञापत्रको उल्लंघन भएको वा नभएको भन्ने निश्चय गर्ने समितिको सक्षमता स्वीकार गरेको थियो। प्रतिज्ञापत्रको धारा २ बमोजिम पक्ष राष्ट्रले आफ्नो इलाकाभित्र वा आफ्नो क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्तिलाई प्रतिज्ञापत्रमा उल्लिखित अधिकार सुनिश्चित गर्ने कुरा र उक्त अधिकार हनन भएको स्थापित भएमा प्रभावकारी र कार्यान्वयनयोग्य उपचार उपलव्ध गराउने दायित्व स्वीकार गरेको छ। समितिले दिएको अभिमत कार्यान्वयन गर्ने सम्बन्धमा पक्ष राष्ट्रले अपनाएका उपायहरूको बारेमा १८० दिनभित्र जानकारी प्राप्त गर्ने अपेक्षा समितिले गरेको छ।साथै, यी विचारहरूलाई प्रकाशन गर्न र राष्ट्रको सरकारी कामकाजको भाषाहरूमा व्यापकरूपमा प्रचारप्रसार गर्न, गराउन समेत पक्ष राष्ट्रलाई समितिले अनुरोध गरेको छ ।